प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT)

# राष्ट्रिय सीप परीक्षण समिति (NSTB)

मध्यपुर थिमी २, सानोठिमी, भक्तपुर

## सीप परीक्षणको आवेदन आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०७९।०४।२१

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-**NSTB)** बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार **व्यावसायिक शिक्षा तथा तालीम अभिबृद्धि परियोजना दोश्रो (EVENT-II)** को सहयोगमा सहुलियत शुल्कमा संचालन हुने **पूर्व सिकाई**को सीप परीक्षणमा सम्मिलित हुन चाहने १६ वर्ष उमेर पुगेका तथा **वैदेशिक रोजगारबाट फर्केका** नेपाली नागरिकहरुबाट आफुलाई पायक पर्ने तपसिल वमोजिमका सीप परीक्षण केन्द्रमा गई आवेदन फारम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल:

**क) सीप परीक्षण केन्द्र, परीक्षण हुने व्यवसाय र तह:**

| क्र.स. | आवेदन फारम संकलन केन्द्रहरु र सम्पर्क नं. | | व्यवसाय | तह |
|---|---|---|---|---|
| **प्रदेश नं. १** | | | | |
| १ | **परिषद् प्रदेश कार्यालय, इटहरी, सुनसरी । फोन:०२५-५८६७४०, ५८७०१९, ९८४२७७१७०५** | | | |
| | विल्डिङ्ग इलेक्ट्रिसियन | २ | ब्युटिसियन | २ |
| | रेफ एण्ड एसी मेकानिक | २ | पशुपालन जे.टि.ए. | २ |
| | इण्डष्ट्रियल इलेक्ट्रिसियन | २ | कृषि जे.टि.ए. | २ |
| **मधेश प्रदेश** | | | | |
| २ | **परिषद् प्रदेश कार्यालय, सिद्धार्थनगर, जनकपुरधाम, धनुषा । फोन:०४१-५२८३८६, ९८४८०२५१२३** | | | |
| | कृषि जे.टि.ए. | २ | विल्डिङ्ग इलेक्ट्रिसियन | २ |
| | पशुपालन जे.टि.ए. | २ | ब्युटिसियन | २ |
| **बागमती प्रदेश** | | | | |
| ३ | **बागमती प्रदेश परिषद् कार्यालय, हेटौडा, मकवानपुर । फोन:०५७-५२४९९१, ९८५५०३४९९१** | | | |
| | ब्युटिसियन | २ | इण्डष्ट्रियल इलेक्ट्रिसियन | २ |
| | विल्डिङ्ग इलेक्ट्रिसियन | २ | वेल्डर | २ |
| **गण्डकी प्रेदश** | | | | |
| ४ | **गण्डकी प्रेदश परिषद् कार्यालय, पोखरा, कास्की । फोन:०६१-५३२२७३, ५३२२७१, ९८५६०४२८३३** | | | |
| | वेटर | २ | ब्युटिसियन | २ |
| | विल्डिङ्ग इलेक्ट्रिसियन | २ | मोबाइल फोन रिपेयर टेक्निसियन | २ |
| | कमी ॥ | २ | बारिस्टा | १ |
| **लुम्बिनी प्रदेश** | | | | |
| ५ | **लुम्बिनी प्रदेश परिषद् कार्यालय, बुटवल, रुपन्देही । फोन:०७१-४२२०७१, ९८५७०४४०१८** | | | |
| | विल्डिङ्ग इलेक्ट्रिसियन | २ | इण्डष्ट्रियल इलेक्ट्रिसियन | २ |
| | वेल्डर | २ | रेफ एण्ड एसी जुनियर मेकानिक | २ |
| | लाईट भेहिकल मेकानिक | २ | ब्युटिसियन | २ |
| ६ | ***भेरी प्राविधिक शिक्षालय, नेपालगंज, बांके । फोन:०८१-५२१५३८, ९८५८०२०८३८** | | | |
| | रेफ एण्ड एसी मेकानिक | २ | वेल्डर | २ |
| | मोटरसाईकल मेकानिक | २ | विल्डिङ्ग इलेक्ट्रिसियन | २ |
| | लाईट भेहिकल मेकानिक | २ | ईण्डष्ट्रियल इलेक्ट्रिसियन | २ |
| **कर्णाली प्रदेश** | | | | |
| ७ | **कर्णाली प्रदेश परिषद् कार्यालय, बिरेन्द्रनगर, सुर्खेत । फोन:०८३-५२१८८५, ९८४३९२९५५८** | | | |
| | विल्डिङ्ग इलेक्ट्रिसियन | १ | ब्युटिसियन | २ |
| **सुदूर पश्चिम प्रदेश** | | | | |
| ८ | **सुदूर पश्चिम प्रदेश परिषद् कार्यालय, धनगढी, कैलाली । फोन:०९१-४१२१८८, ९८५८४२२३२९** | | | |
| | बिल्डिङ्ग इलेक्ट्रिसियन | २ | ब्युटिसियन | २ |
| | वेटर | २ | कमि ॥ | २ |
| | मोबाइल फोन रिपेयर टेक्निसियन | २ | | |

| काठमाण्डौं केन्द्र | | | | |
|---|---|---|---|---|
| ९ | **राष्ट्रिय सीप परीक्षण समिति, सानोठिमी, भक्तपुर ।**<br>**फोन नं. ०१-६६३८१५३, ६६३५१९५ मोवाईल: ९८५११६३९६४/९८५११२७०८०** | | | |
| | उड कार्भर | १ | लाइट भेहिकल मेकानिक | २ |
| | बिल्डिङ्ग इलेक्ट्रिसियन | २ | ब्युटिसियन | २ |
| | इण्डष्ट्रियल इलेक्ट्रिसियन | २ | बिल्डिङ्ग पेन्टर | २ |
| | वेल्डर | २ | प्लम्बर | २ |

**ख) आवेदनको लागि न्यूनतम योग्यता:**

| | |
|---|---|
| **तह १** को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भै सम्बन्धित पेशामा कम्तीमा १ वर्षको कार्य अनुभव भएको,<br>**वा**<br>सम्बन्धित व्यवसायको तालिम सहित ६ महिनाको कार्य अनुभव भएको, |
| **तह २** को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भै सम्बन्धित पेशामा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको,<br>**वा**<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भै सम्बन्धित व्यवसायमा १ वर्षको कार्य अनुभव भएको, |

**ग) सीप परीक्षण शुल्क:**

| तह | नियमित शुल्क (रु.) | सहुलियत शुल्क (रु.)<br>(महिला, दलित, जनजाती र अपाङ्ग) |
|---|---|---|
| १ | ५००।०० | ४००।०० |
| २ | १२००।०० | ७००।०० |

**घ) सीप परीक्षणमा सहभागीले आवेदन फाराम भर्दा पालना गर्नुपर्ने शर्तहरु:**

१. आवेदन फाराम CTEVT तथा राष्ट्रिय सीप परीक्षण समितिको वेभ साइटे www.ctevt.org.np तथा www.nstb.org.np र इभेन्ट परियोजनाको वेभ साइट www.event.gov.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।

२. आवेदन फाराम तोकिएको केन्द्रमा मिति २०७९।०५।१० गते भित्र बुझाउनु पर्नेछ । आवेदन फाराम बुझाउने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्टसम्म बुझाउन सकिनेछ ।

३. आवेदन फारमको साथ पासपोर्ट साईजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाणपत्र र तालिम वा अनुभवको प्रमाण पत्र (तालिम प्रमाणपत्रको हकमा CTEVT का आंगिक, साझेदार तथा सम्बन्धन प्राप्त शिक्षण संस्थाहरुबाट जारी भएको तथा नेपाल सरकारका विभिन्न मन्त्रालय तथा विभागले प्रदान गरेका **कम्तीमा १ वर्ष वा सो भन्दा पहिलाको** प्रमाण पत्रको प्रतिलिपि मात्र तथा **अनुभव** को हकमा नेपाल सरकार, सरकारी वा अर्धसरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा/व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाईएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । अनुभव १६ वर्ष उमेर पछीको मात्र मान्य हुनेछ ।

४. सहुलियत वर्गमा महिला, दलित, आदिवासी, जनजाती, अपाङ्ग तथा नेपाल सरकारले तोकिएका वर्ग पर्दछन् । महिला वाहेक अन्य वर्गको हकमा सम्बन्धित निकायबाट प्रमाणित कागजात पेश गर्नु पर्नेछ ।

५. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुले आवेदन फाराम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभवपत्र (अंगेजी वाहेक अन्य भाषा भएमा अंग्रेजीमा अनुवाद गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्नेछ ।

६. सीप परीक्षणका लागि आवश्यक पर्ने कागजातहरु अपुग रहेको तथा तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारामहरु स्वत: रद्द हुनेछन् ।

७. कुनै व्यवसायमा स्वीकृत आवेदन फारम संख्या पाँच भन्दा कम भएमा सो व्यवसायको सीप परीक्षण संचालन गरिने छैन ।

८. सीप परीक्षण तालीका समितिको वेभ साइट www.nstb.org.np मा प्रकाशित गरिने छ । प्रवेशपत्र सीप परीक्षण आवेदन फारम भरेकै केन्द्रबाट सहभागी आफैं उपस्थित भई सीप परीक्षणको अघिल्लो दिन भित्र प्राप्त गर्न सकिने छ । सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण संचालन हुन सक्नेछ ।

९. परीक्षार्थीहरुले सम्बन्धित पेशा व्यवसायमा आवश्यक पर्ने हाते औजारहरु आफैले ल्याउनु पर्नेछ । **ब्युटिसियन** पेशाको सीप परीक्षणका सहभागिले परीक्षण सामग्री आफैले ल्याउनु पर्नेछ । साथै व्यक्तिगत स्वास्थ्य सुरक्षाका मापदण्डहरु पुर्ण रुपमा पालना गर्नुपर्ने छ ।

१०. यसभन्दा अगाडि सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरुले पहिले सीप परीक्षणमा सहभागी हुंदा सीप परीक्षण समितिबाट उपलब्ध गराईएको रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । यसरी दोहोऱ्याएर सीप परीक्षण दिनेहरुले आवेदन फारामको माथि **पुन:परीक्षण** भन्ने कोठामा चिन्ह लगाउनु पर्नेछ ।

११. सम्बन्धित व्यवसायमा तह १ उत्तिर्ण भएका आवेदकले तह २ मा आवेदन दिंदा अनिवार्य रुपमा तह १ को प्रमाण पत्र तथा एक वर्ष कार्य अनुभवको पत्र पेश गर्नुपर्ने छ ।

१२. सीप परीक्षण आवेदन फारम संकलन केन्द्रले आवेदन संकलन गर्दा **आवश्यक कागजात पुगेको एकिन गरेर मात्र** अनलाइन फारम इन्ट्री गरी राष्ट्रिय सीप परीक्षण समितिबाट अन्तिम **रुजु भई सके पछि** इन्ट्री वापत प्रति फारम रु. ७०।- का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई राष्ट्रिय सीप परीक्षण समिति, सानोठिमी, भक्तपुरको नाममा रहेको रा.बा.बैंकको खाता नं. १७३०१०००००१८३००१ मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान गरी अपलोड गर्नुपर्ने छ ।

१३. सीप परीक्षण केन्द्रमा संकलन भएका आवेदन फारमहरु (**आवश्यक कागजात पुगेको रुजु/एकिन गरी**) केन्द्रले सोही दिन अनलाइन (Online) मा प्रविष्ट गर्नु पर्नेछ । यस सम्बन्धि थप जानकारी चाहिएमा मोवाइल नं. ९८४१२४९३४३ मा सम्पर्क राख्न सकिने छ ।

१४. यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रदेश अन्तरगतका समितिका प्रमाणिकृत वा तोकिएका सीप परीक्षण केन्द्रहरुमा सञ्चालन हुनेछ ।

१५. COVID १९ को जोखिम पूर्ण रुपमा समाप्त भई नसकेको सन्दर्भमा स्वास्थ्य सुरक्षा मापदण्डहरु पालना गरेर मात्र सीप परीक्षणमा सहभागी हुन सम्बन्धित सबैमा अनुरोध छ ।

१६. २०७८ मंसीर १२ र चैत्र १६ मा प्रकाशित सूचना अनुसार रितपूर्वक आवेदन पेश गरी आवेदन रुजु भएका आवेदकहरुको हकमा पुन: आवेदन दिन नपर्ने व्यहोरा अनुरोध छ ।

थप जानकारीका लागि फोन नं. ०१६६३८१५३, ६६३५१९५ मोवाईल नं. ९८५११२७०८० र ९८५११६३९६४ मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

**निर्देशक**